

तस्बिर : टुङ्ग भद्र राई

# नेपालको रेडप्लस कार्यक्रममा आदिवासी जनजातिका अधिकारको वर्तमान अवस्था र मुख्य सवालहरू

अरूण राई, टुङ्ग भद्र राई

## विषय-सूची


१. परिचय/४

२. आदिवासी जनजाति र रेडप्लस/५

३. रेडप्लसमा आदिवासी जनजातिका मूख्य सवालहरू/६

४. आदिवासी जनजातिका अधिकारसम्बन्धी सम्बद्ध अन्तर्राष्ट्रिय कानून र सम्झौताहरू/८

४.१. जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (यूएनएफसीसीसी) अन्तर्गतका सम्झौताहरू/८

४.२. आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र/९

४.३. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९/९

५. विश्व वैंकका सुरक्षा मापदण्डहरू/१०

६. राष्ट्रिय कानूनी तथा नीतिगत प्रारूप/११

६.१. नेपालको संविधान, २०७२/११

६.२. नेपालको रेडप्लस रणनीति २०१६/११

६.३. अन्य सम्बन्धित राष्ट्रिय कानूनी र नीतिगत व्यवस्थाहरू/१२

७. रेडप्लस, जलवायु परिवर्तन, प्राकृतिक स्रोतसाधनहरूसम्बन्धी विभिन्न नीति र रणनीतिहरूमा आदिवासी जनजातिका अधिकारसम्बन्धी प्रावधानहरू/१३

८. निष्कर्ष र सुझावहरू/१३

९. सन्दर्भ-सामाग्रीहरू/१५

# नेपालको रेडप्लस कार्यक्रममा आदिवासी जनजातिका अधिकारको वर्तमान अवस्था र मुख्य सवालहरू

अरूण राई, टुङ्ग भद्र राई



तस्बिर : टुङ्ग भद्र राई

## १. परिचय

हाल जलवायु परिवर्तन एक गम्भीर विश्वव्यापी पर्यावरणीय समस्याको रूपमा देखा परेको छ। जलवायु परिवर्तनको एक प्रमुख कारण विश्व तापमानमा बृद्धि[१] हुनु हो। मानव-सृजित हरितगृह ग्याँसहरूको[२] उत्सर्जनको कारणले विश्वको तापक्रम बढिरहेको छ। सन् २००७ को जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समूह (आईपीसीसी/IPCC) को प्रतिवेदनअनुसार कूल विश्वव्यापी हरितगृह ग्याँसहरूको उत्सर्जनको १८ देखि २० प्रतिशतसम्म उत्सर्जन वन विनासको कारणले हुने गरेको छ। यस आधारमा वनजंगल र हालको जलवायु परिवर्तनबीच प्रत्यक्ष सम्बन्ध छ। अतः जलवायु परिवर्तन न्यूनीकरणमा वनजंगलले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। तसर्थ, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (यूएनएफसीसीसी/UNFCCC) का पक्ष राष्ट्रहरूले वनजंगल बढाएर जलवायु परिवर्तन न्यूनीकरण गर्ने उपायको रूपमा रेडप्लसको अवधारणा ल्याएका हुन्।

विकसित वा औद्योगिक राष्ट्रहरूको हरितगृह ग्याँसहरूको उत्सर्जन बढी गर्दछन्। तसर्थ विकासोन्मुख वा अति कम विकसित राष्ट्रहरूले वनजंगल जोगाएर कार्बन सञ्चित बढाए र उत्सर्जन घटाएबापत विकसित राष्ट्रहरूले विकासोन्मुख वा अति कम विकसित राष्ट्रलाई प्रदान गर्ने आर्थिक भुक्तानीसम्बन्धी अवधारणालाई रेडप्लस भनिन्छ। रेडप्लस कार्यक्रमले वनजंगल संरक्षणको नतिजाको आधारमा रेडप्लस कार्यक्रम सञ्चालक मुलुकलाई (वनजंगल जोगाउने मुलुकलाई) वनजंगलमा कार्बन सञ्चित गरेवापत् आर्थिक भुक्तानी गर्ने बाचा त गर्दछ तर रेडप्लस क्रियाकलापहरूले प्रकृतिसँग अन्यान्योश्रित र बहुआयामिक सम्बन्ध राख्ने आदिवासी जनजातिका लागि विभिन्न किसिमका जोखिमहरू पनि उत्पन्न गर्दछ।

१. जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समूह (आईपीसीसी) अनुसार मानव क्रियाकलापहरूको कारणबाट सन् १८५०-१९०० को दाँजोमा १.१ डिग्रि सेल्सियसले विश्वको तामक्रम बढेको छ, र यही क्रम रहे आगामी दुई दशकमा विश्व तापमान करिब १.५ डिग्रि सेल्सियसले बढ्ने अनुमान छ।

२. क्योटो अभिसन्धि १९९७ को अनुसूची-१ अनुसार हतिरगृह ग्याँसहरूअन्तर्गत कार्बनडाइअक्साइड ($CO_2$), मिथेन ($CH_4$), नाइट्रसअक्साइड (N20) हाइड्रोफ्लोरोकार्बन (HFC), परफ्लोरोकार्बन (PFC) र सल्फर हेक्जाफ् लोराइड ($SF_6$) गरी ६ किसिमका ग्याँसहरू पर्दछन्। रेडप्लसअन्तर्गत उल्लेख गरिएको उत्सर्जन मूलतः कार्बन उत्सर्जन हो।

हाल नेपाललगायत विश्वका धेरै मुलुकहरूले रेडप्लस तयारी चरण पूरा गरी रेडप्लस कार्यक्रम कार्यान्वयन गर्ने क्रममा छन् । विश्व बैंकको वन कार्वन साझेदारी सहयोग (एफसीपीएफ/FCPF) को आर्थिक सहयोगमा नेपालले आफ्नो तयारी चरण पूरा गरी अहिले तराईका १३ जिल्लामा[३] कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम (ईआरपी/ERP) कार्यान्वयन गर्ने क्रममा छ । नेपालको चालू उत्सर्जन न्यूनीकरण कार्यक्रमलगायत भविष्यमा सञ्चालन हुन सक्ने त्यस्ता रेडप्लस कार्यक्रमहरूबाट समग्र आदिवासी जनजातिमा पर्ने जोखिमहरू, रेडप्लसमा आदिवासी जनजातिका अधिकारसम्बन्धी मुख्य सवालहरू र सम्बन्धित विभिन्न राष्ट्रिय ऐन, नीति एवं रणनीतिहरू र अन्तर्राष्ट्रिय नियम, कानून र सम्झौताहरूबारे यस लेखमा चर्चा गरिएको छ ।

## २. आदिवासी जनजाति र रेडप्लस

आदिवासी जनजातिको एक विशिष्ट र फरक खालको सामाजिक र सांस्कृतिक जीवन पद्धति र पहिचान छ । जल, जमिन र जंगलसँग उनीहरूको सामूहिक, परम्परागत र अटुट सम्बन्ध हुन्छ । प्राकृतिक स्रोतसाधनहरूसँग आदिवासी जनजातिको अन्यान्योश्रित सम्बन्ध हुन्छ । जल, जमिन, र जंगलसँग उनीहरूको जीवनपद्धति, जीविका, पहिचान, धर्म-संस्कृति एवं आत्मसम्मान जोडिएको हुन्छ । अतः रेडप्लसलाई केवल कार्बन व्यापार वा आर्थिक आयआर्जनको हिसाबले मात्र हेरिनु आदिवासी जनजातिको दृष्टिकोणबाट न्यायोचित हुँदैन ।

विश्वभर करिब ४७ करोड आदिवासी जनजाति छन्, जुन विश्वको कूल जनसंख्याको ७ प्रतिशत हुन आउँछ ।[४] आदिवासी जनजातिले भोगचलन गर्दै आएका धेरैजसो भूमि उनीहरूको प्रथाजनित स्वामित्व अन्तर्गत रहेका छन्, जसलाई नेपाललगायत धेरै मुलुकले मान्यता दिएको छैन । आदिवासी जनजातिको जीवनपद्धति र विश्व दृष्टिकोण प्रकृतिमा आधारित छ । आदिवासी जनजातिहरू वन क्षेत्र, खोलानाला नजिक र पाखापखेरामा बस्ने गर्छन् । अतः आदिवासी जनजातिको थातथलोमा वन, खोलानाला, प्रकृति र मानव समुदायको सहअस्तित्व हुन्छ । अधिकारको हिसाबले ऐतिहासिक रूपमा उनीहरूले असमानता र वञ्चितीकरण भोग्दै आएको कटु यथार्थ छ । यी कारणहरूले गर्दा जलवायु परिवर्तनको सबैभन्दा बढी असर आदिवासी जनजाति समुदायमा पर्न गएको विश्वव्यापी अनुभव छ ।

नेपाल सरकारले, आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन, २०५८ द्वारा ५९ आदिवासी जनजाति समुदायलाई मान्यता दिइएको छ । ऐनले आदिवासी जनजातिलाई त्यस्तो समुदाय जसको विशिष्ट सामूहिक पहिचान छ, जसको आफ्नै भाषा, धर्म, परम्परा, संस्कृति, सभ्यता र लिखित वा अलिखित इतिहास छ, जो आफ्नो परम्परागत थातथलो वा भौगोलिक क्षेत्रमा बसोबास गर्छन् र जे हिन्दू वर्ण व्यवस्थामा नपर्ने र हिन्दू वर्ण व्यवस्थामा विश्वास नगर्ने समुदाय भनी

### रेडप्लसका ५ क्रियाकलापहरू

अंग्रेजी संक्षेप रेड (REDD–Reducing Emissions from Deforestation and Forest Degradation) को नेपाली विस्तारित रूप “वन विनास र वन क्षयीकरणबाट हुने उत्सर्जनको कटौती” भन्ने हुन्छ । यसमा थप (Plus अर्थात् +) तीन तत्वहरू: वनको संरक्षण, कार्बन भण्डारणमा बृद्धि र वनको दीगो व्यवस्थापन समावेश गरी रेडप्लस (REDD+) बन्दछ । यसरी रेडप्लस (REDD+) अन्तर्गत निम्न ५ क्रियाकलापहरू पर्दछन् :


१) वन विनासबाट हुने (कार्बन) उत्सर्जनको कटौती ।
२) वन क्षयीकरणबाट हुने (कार्बन) उत्सर्जनको कटौती ।
३) वनको संरक्षण ।
४) कार्बन सञ्चितीमा अभिबृद्धि ।
५) वनको दिगो व्यवस्थापन ।

### नेपालको रेडप्लस यात्रा

| | | |
|---|---|---|
| **सन् २००७** | : | इन्डोनेशियाको बालीमा सम्पन्न पक्ष राष्ट्रहरूको १३ औं सम्मेलन (कोप १३ /COP-13) पछि नेपालमा रेडप्लस तयारीसम्बन्धी क्रियाकलापहरूको शुरुवात । |
| **सन् २००८ (मार्च)** | : | नेपाल सरकारको वन तथा भू-संरक्षण मन्त्रालयद्वारा विश्व बैंकको वन कार्बन साझेदारी सहयोग (एफसीपीएफ) लाई रेडप्लस तयारी योजना अवधारणा नोट (आर-पीन/R-PIN) पेश । |
| **सन् २०१०** | : | नेपाल सरकारको वन तथा भू-संरक्षण मन्त्रालयद्वारा एफसीपीएफमा रेडप्लस तयारी योजना प्रस्ताव (आरपीपी/RPP) पेश र एफसीपीएफद्वारा उक्त प्रस्ताव स्वीकृत । |
| **सन् २०१३** | : | नेपालद्वारा उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज (इआरपिडी/ERPD) र मध्यावधि प्रतिवेदन एफसीपीएफ समक्ष पेश । |
| **सन् २०१४** | : | नेपालको राष्ट्रिय रेडप्लस रणनीति (पहिलो मस्यौदा) तयार । यस दस्तावेजमा वन विनासका कारक तत्वहरू, उत्सर्जन तहको आधारबिन्दु, कार्वन अनुगमन, प्रतिवेदन तथा प्रमाणीकरण, सुरक्षा नीति आदि निर्धारण) |
| **सन् २०१६** | : | राष्ट्रिय रेड रणनीतिको अन्तिम रूप तयार तथा अनुमोदन । |
| **सन् २०१८** | : | नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज (ईआरपीडी) विश्व बैंकको एफसीपीएद्धारा स्वीकृत । |
| **सन् २०२१** | : | नेपालले विश्व बैंकसँग उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानी सम्झौता (ईआरपीए) मा हस्ताक्षर । अधिकतम ४५ मिलियन अमेरिकी डलर बराबरको कार्बन व्यापार सम्झौता । |
| **सन् २०२५** | : | उत्सर्जन न्यूनीकरण कार्यक्रम सम्पन्न । |

३. ईआरपीडी अनुसार उत्सर्जन न्यूनीकरण कार्यक्रम जिल्लाहरूअन्तर्गत तराईका, बागमती नदी पश्चिमका रौतहट, वारा, पर्सा, चितवन, नवलपुर, परासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर पर्दछन् ।

४. विश्व बैंक । https://www.worldbank.org/en/topic/indigenouspeoples#:~:text=There%20are%20an%20estimated%20476,percent%20of%20the%20extreme%20poor.




**चित्र–१:** जिल्ला र प्रादेशिक सीमानासहितको नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रम (ईआरपी) क्षेत्रको नक्सा।

*स्रोतः नेपाल सरकार, उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज (ईआरपीडी), २०१८।*

परिभाषित गरेको छ। मुलुकको कूल जनसंख्याको ३६ प्रतिशत हिस्सा आदिवासी जनजातिले ओगटेका छन्।[५]

नेपालको रेडप्लस कार्यक्रममा आदिवासी जनजाति एक महत्वपूर्ण अधिकारवाला हुन्। सन् २००७ मा इन्डोनेसियाको बालीमा सम्पन्न पक्ष राष्ट्रहरूको १३ औं सम्मेलन (कोप १३) पछि नेपालमा रेड तयारीसम्बन्धी क्रियाकलापहरूको शुरूवात भयो। यससँगै नेपालका आदिवासी जनजातिहरूले पनि रेडप्लसमा आफ्ना अधिकार, सवाल र सहभागिता स्थापित गर्न निरन्तर संघर्ष गर्दैआएका छन्। विशेषतः नेपालका आदिवासी जनजातिका छाता संगठन नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) को अगुवाईमा आदिवासी जनजातिहरूबीच रेडप्लस र जलवायु परिवर्तनबारे सचेतना फैलाउने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संगठन एवं संजालहरूसँग समन्वय गर्ने, आदिवासी जनजातिका जलवायु अधिकारबारे सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूसँग पैरवी र सहकार्य गर्ने, र आदिवासी जनजातिको परम्परागत ज्ञान, सीप, अभ्यास र विज्ञानबारे अध्ययन अनुसन्धान गर्ने कार्यहरू गर्दैआएको छ।

हाल विश्व बैंकको सहयोगमा नेपाल सरकारद्वारा सञ्चालित कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम परियोजना क्षेत्र (तराईका १३ जिल्ला) मा पनि स्थानीय जनसंख्याको सबैभन्दा ठूलो हिस्सा (३१ प्रतिशत) आदिवासी जनजातिको रहेको छ।[६] यस क्षेत्रमा विशेषगरी थारू, चेपाङ, दनुवार, बोटे आदि आदिवासी जनजातिहरूको बसोबास रहेको छ। वनजंगल र अन्य प्राकृतिक स्रोतसाधनहरूमा सांस्कृतिक, आर्थिक वा अन्य विविध तवरले आश्रित आदिवासी जनजाति जलवायु परिवर्तनका असरहरूबाट प्रभावित त छन् नै, जलवायु परिवर्तन न्यूनीकरण गर्न संचालन गरिएको रेडप्लस कार्यक्रमले प्रभावकारीरूपमा सुरक्षा नीति नअपनाए उनीहरूको आर्थिक, सामाजिक एवं सांस्कृतिक जीवनमा पर्ने जोखिमहरू पनि उत्तिकै छन्।

## ३. रेडप्लसमा आदिवासी जनजातिका मुख्य सवालहरू

नेपाल सरकारद्वारा हाल तराईका १३ जिल्लामा सञ्चालित कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम क्षेत्रका आदिवासी जनजातिलगायत समग्र देशकै आदिवासी जनजातिहरूमा रेडप्लस कार्यक्रमहरूबाट निम्न प्रकारका असरहरू पर्न सक्ने देखिन्छ :

५. नेपालको राष्ट्रिय जनगणना, २०५८

६. ईआरपीडी २०१८ अनुसार ईआरपी क्षेत्रको कूल जनसंख्याको सबैभन्दा ठूलो हिस्सा आदिवासी जनजाति (३१%) ले ओगटेको छ। यस क्षेत्रमा बसोबास गर्ने अन्य समूहहरूमा पहाडी मूलका ब्राह्मण, क्षेत्री, ठकुरी र सन्यासी २४.३७%, मधेशी २३%, दलित १२% र मुस्लिम ९% रहेका छन्।



तस्बिर : टुङ्ग भद्र राई

आदिवासी जनजातिको परम्परागत भू-स्वामित्व र प्राकृतिक स्रोतसाधनहरूको व्यवस्थापन प्रथाजनित कानून अनुसार हुने गर्छ। तर नेपालको वर्तमान कानूनले प्रथाजनित अधिकारलाई मान्यता दिएको छैन। कानूनतः भूमिमाथिको स्वामित्वको लागि व्यक्तिले आफ्नो जग्गा सम्बन्धित सरकारी कार्यलयमा दर्ता गर्नुपर्ने हुन्छ। कैयौं आदिवासी जनजातिहरू युगौंदेखि आफ्नो पुर्ख्यौली थातथलोमा बस्दैआएका र भोगचलन गर्दै आएका छन् तर उनीहरूसँग जग्गा दर्ताका सरकारी कागजपत्रहरू छैन। यसो हुँदा उनीहरूले परापूर्वकालदेखि परम्परागत स्वामित्व कायम र भोगचलन गर्दैआएको आफ्ना भूमि सरकारी जमिनको रूपमा परिभाषित हुने गरेको छ। रेडप्लस कार्यक्रममा आदिवासी जनजातिका परम्परागत स्वामित्व कायम र भोगचलन भईआएका भूमि, वनक्षेत्रलाई सरकारी जमिन नै मानिने हुँदा पुस्तौंपुस्तादेखि बसोबास र भोगचलन गर्दै आएका ती आदिवासी जनजातिहरूको परम्परागत अधिकार हनन भई उनीहरू आफ्नै भूमिमा भूमिहीन हुने र राज्यद्वारा उनीहरूलाई सुकुम्बासी, सरकारी जमिन अतिक्रमणकारीको रूपमा व्याख्या गरिने जोखिम छ। जस्तै, चालु उत्सर्जन न्यूनीकरण कार्यक्रममा थप २००,९३७ हेक्टर सरकारी वन सामुदायिक वन र साझेदारी वनमा परिणत गर्ने[७] क्रियाकलापले यो जोखिम सिर्जना गरको छ। रेडप्लसका क्रियाकलाप सरकारी वनक्षेत्रमा लागू गरिने हुँदा आदिवासी जनजाति आफ्नो थातथलोबाट जबरजस्ती विस्थापित हुनुपर्ने जोखिम नभएको सरकारले दाबी गरेता पनि आदिवासी जनजातिका परम्परागत अधिकारले कानूनी मान्यता प्राप्त नगरेको वर्तमान अवस्थामा रेडप्लस कार्यक्रमले धेरै आदिवासी जनजातिहरूलाई आफ्नो पुख्यौली भूमि, थातथलो र बसोबास क्षेत्र छाड्नुपर्ने वाध्यात्मक अवस्था सिर्जना गर्नसक्छ।

नेपालमा आदिवासी जनजातिका परम्परागत स्वामित्व र भोगचलनमा रहेका अधिकांश वन र चरण क्षेत्रलाई सामुदायिक वन बनाइएको छ। हालको वन ऐन र वन व्यवस्थापन प्रणाली आदिवासी जनजातिका परम्परागत भूमि खोस्ने एउटा साधन र षड्यन्त्र नै हो भन्दा अतिसय हुँदैन। सन् ९० को दशकको मध्यतिरदेखि सुरू भएको सामुदायिक वन प्रणालीअन्तर्गत हाल २२,२६६ भन्दा धेरै सामुदायिक वन उपभोक्ता समूहहरू देशभर छन्।[८] सामुदायिक वनअन्तर्गत समुदायलाई केवल उपयोगको अधिकार हुन्छ, भूमिको स्वामित्व सरकारसँग नै हुन्छ। उत्सर्जन न्यूनीकरण कार्यक्रम क्षेत्रका वनमध्ये २७% सामुदायिक वन छन् भने ३९% सरकारी वन, २९% संरक्षित क्षेत्रभित्रको वन र ५% साझेदारी वन छन्।[९] सामुदायिक वन सञ्चालनार्थ वन व्यवस्थापन योजना बनाइएका हुन्छन्। सामुदायिक वन व्यवस्थापन र निर्णय प्रक्रियामा आदिवासी जनजातिको भूमिका र सहभागिता प्रभावकारी हुन सकेको छैन। उपभोक्ताले वनजन्य सामग्रीहरू जस्तो घाँस, दाउरा, सोतर, काठ र जडीबुटी संकलन गर्न व्यवस्थापन योजनाका निश्चित नियमहरू पालना गनुपर्ने हुन्छ। सामुदायिक वनमा दुवै आदिवासी तथा गैरआदिवासी समूहहरूलाई स्थानीय समुदाय भनी एउटै समरूपी श्रेणीको रूपमा राखिएका छन्, जुन व्यावहारिक र न्यायसंगत छैन। परिणामस्वरूपः प्रकृतिमा आधारित विशिष्ट जीवनपद्धति भएका आदिवासी जनजातिको स्वास्थ्य, खाद्य प्रणालीलगायत सांस्कृतिक, धार्मिक र आध्यात्मिक आयामहरूमा असर पुगेको छ। मूलतः नेपालमा विद्यमान सरकारी वन व्यवस्थापन प्रणालीहरू (सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्ज आदि) सबैले कुनै न कुनै रूपमा आदिवासी जनजातिका सामूहिक अधिकारको हनन् गरेको पाइन्छ। यो परिदृश्य रेडप्लसमा पनि दोहोरिदैंन भन्न सकिन्न।

रेडप्लससम्बन्धी बनेका नीतिगत र रणनीतिक दस्तावेजहरूमा धेरै हदसम्म आदिवासी जनजातिको दृष्टिकोण छुटेका छन्। जस्तै नेपालको राष्ट्रिय रेडप्लस रणनीतिमा दिगोपनरहित र अवैध वन पैदावरको संकलन

७. ईआरपीडी २०१८

८. सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) http://fecofun.org.np/downloads_other/FECOFUN-Profile.pdf

९. ईआरपीडी २०१८



तस्बिर : टुङ्ग भद्र राई

तथा उपभोग, अतिचरिचरण, अतिक्रमण र कमजोर वन व्यवस्थापन जस्ता अभ्यासहरूलाई वन विनास र वन क्षयीकरणका कारकतत्वहरू मानिएका छन्। वास्तवमा आदिवासी जनजातिले सदियौंदेखि आफूमा निहीत आदिवासी ज्ञान, सीप र अभ्यासहरूको माध्यमबाट वनजंगलको संरक्षण र दिगो व्यवस्थापन गर्दै आएका छन्। प्रकृतिसँग अन्यान्योश्रित सम्बन्ध राखी सहअस्तित्वमा रहने आदिवासी जनजातिको लागि वन तथा अन्य प्राकृतिक स्रोतसाधनहरू आफ्नो जीविकोपार्जनसँग मात्र होइन, सांस्कृतिक अभ्यासहरू तथा आध्यात्मिक चिन्तनसँग पनि जोडिएको छ। आदिवासी जनजातिको दृष्टिकोणबाट, वन मास्नु भनेको देवी देवता, पवित्र स्थल, कूलपितृ, आफ्नो उत्पत्तिको आधार र आफ्नै अस्तित्व मास्नु हो। यो एक स्थापित तथ्य हो। त्यसकारण उनीहरूले आफ्नै परम्परागत ज्ञान, सीप, अनुभव र मूल्य मान्यताबाट हरदम वनजंगल जोगाउने गर्छन्। रणनीतिले नीति तथा कार्यक्रमहरूलाई दिशानिर्देश गर्ने हुँदा रेडप्लस तथा अन्य प्राकृतिक स्रोतसाधनहरूसँग सम्बन्धित बनेका सरकारी रणनीतिहरूले आदिवासी जनजातिको उपरोक्त अन्तरवस्तुलाई आत्मसात् गर्न नसक्दा ती रणनीतिहरूका आधारमा बनेका नीति तथा कार्यक्रमहरूले आदिवासी जनजातिको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनलाई प्रतिकूल असर पार्ने देखिन्छ।

वनजंगलको संरक्षण र रेडप्लसबाट आयआर्जन गर्ने कुरा जो कसैको लागि पनि राम्रो कुरा हो। यसबाट वनसँग निकट सम्बन्ध राख्ने, आर्थिक हिसाबले कमजोर आदिवासी जनजातिलाई फाइदा नहुने भन्ने हुँदैन। तर रेडप्लस कार्यक्रमलाई कार्बन व्यापारसँग र वनजंगललाई कार्बन भण्डारणको रूपमा मात्र जोड दिनु आदिवासी जनजातिका लागि प्रत्युत्पादक हुन्छ। सदियौंदेखि वनजंगलको संरक्षकको रूपमा रहँदैआएका आदिवासी जनजातिले वनजंगलको दिगो संरक्षणमा आफ्नो विशिष्ट संस्कृति र मूल्य मान्यताद्धारा गरेको ऐतिहासिक योगदानलाई कसरी कदर गर्ने, गैरकार्बन-लाभहरूको सुनिश्चितता कसरी गर्ने, जलवायु परिवर्तनबाट सृजित हानी र नोक्सानीलाई कसरी सम्बोधन गर्ने, रेडप्लसबाट प्राप्त प्रतिफलहरूको समतामूलक वितरण कसरी सुनिश्चित गर्ने, आदिवासी जनजाति र प्रकृतिबीचको अन्तरनिर्भरतालाई कसरी सम्बोधन गर्ने, वन संरक्षण र व्यवस्थापनमा उनीहरूको परम्परागत ज्ञान, सीप, अनुभव र मूल्य मान्यताहरूलाई कसरी उपयोग र प्रबर्द्धन गर्ने, अग्रिम जानकारीसहितको मञ्जुरी र गुनासो सुनुवाई संयन्त्रलाई आदिवासी जनजाति-उत्तरदायी कसरी बनाउने, र विभिन्न सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-सम्झौताअन्तर्गतका आदिवासी जनजातिको अधिकारसम्बन्धी प्रावधानहरू राज्यले कुन हदसम्म पालना गर्छ भन्ने कुराहरू नेपालका आदिवासी जनजातिका रेडप्लससम्बन्धी प्रमुख सवाल र सरोकारका विषयहरू हुन्।

## ४. आदिवासी जनजातिका अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानून र सम्झौताहरू

### ४.१. जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (यूएनएफसीसीसी) अन्तर्गतका सम्झौताहरू

सन् २००१ देखि नै जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गतको रेडप्लस प्रक्रियाहरूमा आदिवासीहरूले आवाज उठाउँदै आएका छन्। सन् २००७ मा इन्डोनेसियाको बालीमा भएको

यूएनएफसीसीसीका पक्ष राष्ट्रहरूको १३ औं सम्मेलनपछि आदिवासी जनजातिका विभिन्न क्षेत्रीय सम्मेलनहरू भए। सन् २००९ मा अलास्काको एंकोरेजमा जलवायु परिवर्तनसम्बन्धी आदिवासीहरूको विश्व शिखर सम्मेलन भयो। सम्मेलनले जारी गरेको एंकोरेज घोषणापत्रले आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रका आधारभूत मापदण्डहरू जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिका सम्झौता र सिद्धान्तहरूले पालना गर्नुपर्नेमा जोड दिएको छ, साथै सबै रेडप्लस कार्यक्रमहरूले आदिवासी जनजातिको परम्परागत भू-स्वामित्व र प्रथाजनित कानूनको सुरक्षालगायत उनीहरूको मानवअधिकारको रक्षा हुनुपर्ने जनाएको छ।[१०]

महासन्धिले विभिन्न ९ समूहलाई पर्यवेक्षकको मान्यता दिएको छ, जसमध्ये आदिवासी जनजाति एक हुन्। हाल संसारभरिका आदिवासी जनजातिहरू जलवायु परिवर्तन सम्बोधनका कार्यहरूमा आफ्नो अधिकार सुनिश्चितताका लागि, जलवायु परिवर्तनसम्बन्धी आदिवासी जनजातिको अन्तर्राष्ट्रिय मञ्च (आईआईपीएफसीसी/IIPFCC) का रूपमा संगठित भएका छन्। आदिवासी जनजातिहरूका पैरवीका कारण महासन्धिले आदिवासी जनजातिहरू र उनीहरूमा निहित परम्परागत ज्ञानलाई महत्वको साथ लिँदै आएको छ। महासन्धिका पक्ष राष्ट्रहरूको सम्मलेन (कोप) का ६० वटा निर्णय/सहायक अंगहरूका प्रतिवेदनहरूमा आदिवासी जनजाति वा परम्परागत ज्ञानको जिकिर गरिएको छ। यी महत्वपूर्ण निर्णयहरूमध्ये एक क्यानकुन सम्झौता हो। सन् २०१० मा मेक्सिकोको क्यानकुन शहरमा भएको पक्ष राष्ट्रहरूको १६ औं सम्मलेनले आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यूएनड्रीप) संयुक्त राष्ट्रसंघको महसभाले अनुमोदन गरिसकेको तथ्यलाई मध्यनजर गर्दै वन विनासको सम्बोधन गर्दा आदिवासी जनजातिका अधिकार र ज्ञानको संरक्षण गर्नुपर्नेमा र उनीहरूको पूर्ण र प्रभावकारी सहभागितामा जोड दिएको छ।[११] त्यस्तै सन् २०१५ मा फ्रान्सको राजधानी पेरिसमा भएको पक्ष राष्ट्रहरूको २१ औं सम्मलेनले (कोप २१) ले जलवायु परिवर्तनबारे एक महत्वपूर्ण सम्झौता गर्‍यो, जसलाई पेरिस सम्झौता भनिन्छ। उक्त सम्झौताले पृथ्वीको बढ्दो तापमानलाई औसत १.५ डिग्री वा २ डिग्री सेल्सियस भन्दा निकै कम कायम राख्ने उद्देश्य लिएको छ। सो लक्ष्य हासिल गर्न र जलवायु परिवर्तनसँग जुध्न महासन्धिका १९६ पक्ष राष्ट्रहरूले जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणसम्बन्धी राष्ट्रिय प्रबिद्धताहरू जनाएका छन्। उक्त सम्झौताले कुनै पनि पक्ष राष्ट्रले जलवायु कार्यहरू गर्दा आदिवासी जनजातिको अधिकारको सम्मान तथा प्रबर्द्धन गर्नुपर्ने र सोबारे आफूले जनाएको प्रतिबद्धता ख्याल गर्नुपर्ने आवश्यकता समेत उल्लेख गरेको छ।[१२] सम्झौताले रेडप्लस पद्धतिहरूमा गैरकार्बन लाभहरूको महत्वबारे पनि बोलेको छ।[१३]

### ४.२. आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र

हालसम्म नेपालले दुई दर्जनभन्दा बढी मानवअधिकारसम्बन्धी महासन्धि र घोषणापत्रहरू अनुमोदन गरेको छ। तीमध्ये आदिवासी जनजातिको मानवअधिकारको दृष्टिकोणबाट एक प्रमुख दस्तावेजका रूपमा आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यूएनड्रीप) रहेको छ, जसको पक्षमा नेपालले सन् २००७ मा संयुक्त राष्ट्रसंघको महासभामा मत हाल्यो। यस घोषणापत्रले आदिवासी जनजातिको परम्परागत रूपमा आफ्नो अधिनमा रहेको आफ्नो भूमि, क्षेत्र र स्रोतसाधनहरूमाथिको स्वामित्व, उपयोग र नियन्त्रणको अधिकार सुरिक्षित गरेको छ, साथै यस्ता भूमि, क्षेत्र र स्रोतसाधनहरूलाई राज्यले मान्यता र संरक्षण प्रदान गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ।[१४] त्यस्तै आदिवासी जनजातिको आफ्ना भूमि र क्षेत्रबाट बाध्यात्मक विस्थापन हुने अवस्थामा राज्यले आदिवासी जनजातिलाई प्रभाव पार्ने नियम कानून लागू गर्दा, आदिवासी जनजातिको भूमि, क्षेत्र र अन्य स्रोतसाधनहरूलाई प्रभाव पार्ने आयोजनाहरू सञ्चालन गर्दा, प्रभावित आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लिनुपर्ने प्रावधान छ।[१५] आदिवासी जनजातिलाई आफ्ना प्राथमिकताहरू र आफूले चाहे अनुरूपको विकास गर्न र गराउने अधिकारको अभ्यास गर्ने, रणनीतिहरूबारे स्वनिर्णय गर्ने अधिकार हुन्छ।[१६] यो दस्तावेज अनुसार, आदिवासी जनजातिलाई आफ्नो आध्यात्मिक तथा धार्मिक परम्पराहरू अभ्यास र विकास गर्ने, आफ्ना धार्मिक तथा सांस्कृतिक स्थलहरू कायम राख्ने र जोगाउने अधिकार हुन्छ।[१७]

### ४.३. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९

नेपालले अनुमोदन गरेका महासन्धिहरूमध्ये आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ आदिवासी जनजातिको अधिकारको दृष्टिकोणबाट सबैभन्दा वृहत् मानिन्छ। नेपालको संसदले सन् २००७ मा यो महासन्धि अनुमोदन गर्‍यो।

महासन्धिले स्व-व्यवस्थापनको अधिकार र आदिवासी जनजातिलाई विकासको प्रक्रियासम्बन्धी आफ्ना प्राथमिकताहरू आफै निर्धारण गर्ने आत्मनिर्णयको अधिकार प्रदान गरेको छ।[१८] त्यस्तै आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी नलिईकन उनीहरूलाई स्थानान्तर गर्न नपाइने उल्लेख गरी उनीहरूसँगको परामर्श र सहकार्यमा जोड दिएको छ।[१९]

सहभागिताको हकमा, आदिवासी जनजातिलाई असर गर्ने राष्ट्रिय तथा क्षेत्रीय योजना र कार्यक्रमहरू तर्जुमादेखि त्यसको कार्यान्वयन र मूल्यांकन सबै चरणमा सहभागी गराइनुपर्ने[२०] र राष्ट्रिय नियम कानूनको कार्यान्वयन गर्दा आदिवासी जनजातिका प्रचलन र प्रथाजनित कानूनको उचित सम्मान गरिनुपर्ने[२१] व्यवस्था महासन्धिले गरेको छ। आदिवासी जनजातिको भूमिसँग विशेष सम्बन्ध हुन्छ। यस सम्बन्धलाई सम्मान गरिनुपर्ने भूमिमाथिको परम्परागत, व्यक्तिगत र सामूहिक स्वामित्वलाई मान्यता दिइनुपर्ने पनि महासन्धिमा उल्लेख छ।[२२]

---

१०. एंकोरेज घोषणापत्र, जलवायु परिवर्तनसम्बन्धी आदिवासी जनजातिको विश्व शिखर सम्मेलन http://www.indigenoussummit.com/servlet/content/declaration.html.

११. क्यानकुन सम्झौता, निर्णय १/सीपी. १६

१२. पेरिस सम्झौता, प्रस्तावना

१३. ----- धारा ५, अनुच्छेद २

१४. यूएनड्रीप, धारा २६

१५. -----धारा १०, १९, ३२ (२)

१६. -----धारा ३२ (१)

१७. -----धारा ११

१८. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ धारा ७ (१)

१९. -----धारा १६ (२)

२०. -----धारा ७ (१)

२१. -----धारा ८ (१)

२२. -----धारा १३ (१)



तस्बिर : टुङ्ग भद्र राई

## ५. विश्व बैंकका सुरक्षा मापदण्डहरू

आफूले सहयोग प्रदान गरेका रेडप्लस र अन्य परियोजनाहरूमा आदिवासी जनजातिका अधिकार सुनिश्चित गर्न र आदिवासी जनजातिमाथि परियोजनाको प्रभाव सम्बोधन गर्न विश्व बैंक, हरित जलवायु कोषलगायत विभिन्न बहुपक्षीय निकायहरूले सुरक्षा नीति, मापदण्डहरू अपनाएका छन्। विश्व बैंकद्वारा आर्थिक सहयोग प्राप्त हाल नेपालको तराईका १३ जिल्लामा चालू रहेको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रममा विश्व बैंकको आदिवासी जनजातिसम्बन्धी सुरक्षा नीति लागू हुन्छ।

विश्व बैंकको सुरक्षा नीतिअन्तर्गत आदिवासी जनजाति, वाध्यात्मक पुनर्बास र भौतिक सांस्कृतिक संसाधनसँग सम्बन्धित मापदण्डहरूलगायत जम्मा १० सुरक्षा मापदण्डहरू छन्। नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रममा ती १० मध्ये ७ बाट मापदण्डहरू लागू हुन्छ।[२३] नेपालको १३ जिल्लामा रेडप्लस कार्यान्वयनका लागि प्रस्ताव गरिएको ७ क्रियाकलापहरूमध्ये ६ वटा क्रियाकलापहरूले आदिवासी जनजातिसँग सम्बन्धित मापदण्ड आकर्षित गर्छ।[२४] विश्व बैंकको आदिवासी जनजातिसँग सम्बन्धित सुरक्षा नीतिमा बैंकद्वारा आर्थिक सहयोग प्राप्त परियोजनाले आदिवासी जनजातिको जल, जमिन र जंगलसँगको अटुट सम्बन्धको सम्मान गर्नुपर्ने, आदिवासी जनजातिसँग स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लिनुपर्ने, आदिवासी जनजातिलाई आफ्नो थातथलोबाट सामान्यतः विस्थापन वा बलजफत स्थानान्तरण गर्न नहुने वा गर्नै पर्ने वाध्यता आइपरे उचित, अग्रिम पुनर्वास योजना बनाउनुपर्ने, प्रथाजनित अधिकार (व्यक्तिगत र सामूहिक दुवै) को सम्मान गर्नुपर्ने, आदिवासी जनजाति प्रभावित हुने अवस्थामा छुट्टै आदिवासी जनजाति योजना वा आदिवासी जनजाति योजना खाका (आईपीपी वा आईपीपीएफ) बनाइनुपर्ने जस्ता प्रावधानहरू छन्।[२५]

२३. विश्व बैंकका १० सुरक्षा मापदण्डहरूः १) सांस्कृतिक सम्पत्ति, २) विवादित क्षेत्र, ३) वन, ४) आदिवासी जनजाति, ५) अन्तर्राष्ट्रिय जलमार्ग, ६) वाध्यात्मक पुनर्वास, ७) प्राकृतिक वासस्थान, ८) किट व्यवस्थापन, ९) ड्यामको सुरक्षा र १०) भौतिक सांस्कृतिक संशाधन http://web.worldbank.org/archive/website00530/WEB/OTHER/OPERAT-6.HTM#:~:text=There%20are%2010%20safeguard%20policies,Management%3B%20and%20Safety%20of%20Dams. उपरोक्त १० मापदण्डहरूमध्ये नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रममा मापदण्ड २, ५ र ९ बाहेक बाँकि अन्य ७ मापदण्डहरू लागू हुन्छ। मापदण्ड ४ आदिवासी जनजातिसँग सम्बन्धित छ।

२४. नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रममा समावेश ७ क्रियाकलापहरूः १) परम्परागत र प्रथाजनित अभ्यासहरूलाई विकशित गर्दै विद्यमान सामुदायिक र साझेदारी वन व्यवस्थापन अभ्यासमा सुधार गर्ने, २) सामुदायिक र साझेदारी वन उपभोक्ता समूहहरू राष्ट्रिय वन हस्तान्तरण गरी वन शासकीय प्रणालीलाई स्थानीयकरण गर्ने, ३) निजी वनक्षेत्र सञ्चालनलाई विस्तार गर्ने, ४) वायो ग्याँस र सुधारिएको चुलोको माध्यमबाट वैकल्पिक उर्जाप्रतिको पहुँच बृद्धि गर्ने, ५) गरिबमुखी कबुलियति वन कार्यक्रमलाई बृद्धि गर्ने, ६) पूर्वाधार विकाससँग सम्बन्धित वन रूपान्तरण घटाउन एकीकृत भू-उपयोग योजनामा सुधार गर्ने, र ७) विद्यमान संरक्षित क्षेत्रको व्यवस्थापकीय सुधार गर्ने। उपरोक्त क्रियाकलापहरूमध्ये क्रियाकलाप ३ बाहेक अन्य सबैले आदिवासी जनजातिलाई प्रभाव गर्ने ईआरपीडी २०१८ को आंकलन छ।

२५. विश्व बैंकको कार्यसञ्चालन निर्देशिकाः कार्यसञ्चालन नीति-आदिवासी जनजाति http://web.worldbank.org/archive/website00515/WEB/OTHER/0F7D6F3F.HTM?OpenDocument (accessed on June 16, 2022)

## ६. राष्ट्रिय कानूनी तथा नीतिगत प्रारूप

६.१. नेपालको संविधान, २०७२ः संविधानमा समानताका हकअन्तर्गत अन्य सीमान्तीकृत समूहहरूको अलावा आदिवासी जनजातिको संरक्षण, सशक्तीकरण वा विकासका लागि विशेष व्यवस्था गर्न सकिने उल्लेख छ[२६] भने स्वच्छ वातावरणको हकअन्तर्गत वातावरणीय प्रदूषण वा ऱ्हासबाट हुने क्षतिबापत क्षतिपूर्ति पीडितलाई दिलाउन सकिने व्यवस्था छ।[२७] त्यस्तै सविधानले खाद्य सुरक्षा र खाद्य संप्रभुत्ताको हक[२८], समावेशी सहभागिताको हक[२९], परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएका स्थानीय बीउ विजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक[३०] सुनिश्चित गरेको छ। संविधानले प्राकृतिक स्रोत साधनहरूको संरक्षण, सम्बर्द्धन र वातावरण अनुकूल दिगोरूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने परिकल्पना गरेको छ।[३१] त्यस्तै, संविधानले प्रष्ट रूपमा आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने



तस्बिर : टुङ्ग भद्र राई

अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा उनीहरूलाई सहभागी गराउने तथा आदिवासी जनजातिको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र प्रबर्द्धन गर्ने भनेको छ।[३२]

समग्रमा, नेपालमा संविधानले परिकल्पना गरेअनुरूपका ऐन तथा नीति नियमहरू पूर्णरूपमा बनिसकेको अवस्था छैन। बनेका कतिपय नीतिहरूको कार्यान्वयन पक्ष कमजोर छ। संविधानमा आदिवासी जनजातिका प्राकृतिक स्रोतसाधनहरूसम्बन्धी अधिकारबारे छुट्टै विशेष व्यवस्था नगरिए पनि विद्यमान मौलिक हक र राज्यका नीतिहरूका आधारमा रेडप्लस कार्यक्रममा आदिवासी जनजातिलाई आफ्नो खाद्य सुरक्षा तथा संप्रभुक्ताको अधिकार, समावेशी सहभागिताको अधिकार, रेडप्सस कार्यक्रमबाट प्राप्त प्रतिफलहरू हासिल गर्ने अग्राधिकार, आफ्ना परम्परागत ज्ञान, सीप, संस्कृति एवं बीउ विजन संरक्षण गर्ने अधिकारलगायत रेडप्लस परियोजनाबाट वातावरणीय ऱ्हास आए क्षतिपूर्ति मागदाबी गर्नेसम्मको अधिकारका लागि आधारहरू प्रदान गरेको छ।

६.२. नेपालको रेडप्लस रणनीति, २०१६ (ई)ः रेडप्लसको तयारी कार्यहरूअन्तर्गत नेपालले राष्ट्रिय रेडप्लस रणनीति निर्माण गऱ्यो। रणनीतिले वन विनास र क्षयीकरणका ९ वटा कारणहरू पहिचान गरेको छ। रणनीतिमा वन विनास र वन क्षयीकरणका कारकतत्वहरू सम्बोधन गर्न र वनको कार्बन सञ्चिती बढाउन १२ वटा रणनीति र ७१ वटा रणनीतिक कार्यहरू सुझाएको छ। ती रणनीतिक कार्यहरूअन्तर्गत आदिवासी जनजातिको वन स्वामित्व सुरक्षाको सम्मान र सम्बोधन गर्ने, वन व्यवस्थापन योजनाहरूमा परम्परागत र प्रथाजनित ज्ञान र अभ्यासहरूलाई मान्यता दिने र रेडप्लस कार्यक्रममा समायोजन गर्ने, नीतिगत व्यवस्था गरी र आवश्यक क्षमता विकास गरी वनसँग सम्बन्धित निर्णय प्रक्रियाहरूमा आदिवासी जनजातिको पर्याप्त प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, सामाजिक र सांस्कृतिक रूपमा उपयुक्त गुनासो सुनुवाई संयन्त्रको विकास गर्ने, समुदायमा आधारित वन अनुगमन प्रणालीको सुदृढीकरण गर्ने कार्यहरू समावेश छन्। त्यस्तै आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लिने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूप विद्यमान नीति र कानूनी व्यवस्थाहरू सुधार गर्ने र सामाञ्जस्यता कायम गर्ने समेत रणनीतिमा उल्लेख छ। सरसर्ती हेर्दा रणनीतिले उल्लेख्य हदसम्म आदिवासी जनजातिका रेडप्लससम्बन्धी सवालहरू सम्बोधन गरेको पाइन्छ।

तथापी रणनीतिको मुख्य ध्यान कार्बन व्यापारबाट आयआर्जन गर्नेतिर नै रहेको बुझ्न सकिन्छ। प्रथाजनित अधिकारलाई नेपालको कानूनले औपचारिक मान्यता नदिएको अहिलेको अवस्था आदिवासी जनजातिमाथि रेडप्लस कार्यक्रमले पार्न सक्ने नकारात्मक प्रभावहरू रणनीतिले व्यवहारतः सम्बोधन गर्न सकेको छैन। अतिचरिचरण, अतिक्रमण, डढेलो जस्ता कुराहरूलाई वन विनास र वन क्षयीकरणको कारकतत्वहरू मानी रणनीतिले उही परम्परागत सरकारी भाष्यलाई निरन्तरता दिएको छ, जबकी आदिवासी जनजातिको दृष्टिकोणमा वन विनास र वन ऱ्हासको वास्तविक कारण आदिवासी जनजातिले सदियौंदेखि दिगोरूपमा व्यवस्थापन र उपभोग गर्दै आएको वनजंगल विभिन्न ऐन कानूनको माध्यमबाट उनीहरूको नियन्त्रण बाहिर जानु हो। हाललाई रणनीतिका मौजुदा प्रावधानहरू परियोजनास्तरमा कार्यान्वयन भएनभएको यकिन गरी रेडप्लस कार्यक्रममा अगाडि बढ्नु नेपालका आदिवासी जनजातिको विकल्प हो।

---

२६. धारा १८
२७. धारा ३० (१)
२८. धारा ३६
२९. धारा ४२ (१)
३०. धारा ४२ (४)
३१. नेपालको संविधान २०७२ को प्राकृतिक स्रोत साधनहरूको संरक्षण, सबर्द्धन र उपयोगसम्बन्धी नीति (१)
३२ नेपालको संविधान २०७२ को सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति

### ६.३. अन्य सम्बन्धित राष्ट्रिय कानूनी र नीतिगत व्यवस्थाहरू

प्राकृतिक स्रोतसाधनहरूसँग सम्बन्धित अन्य राष्ट्रिय कानून र नीतिहरू आदिवासी जनजातिका रेडप्लस/जलवायु अधिकारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित छन्। कतिपय नीतिहरू जलवायु परिवर्तनका आयामहरूमा आएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवर्तनहरूलाई मध्यनजर गर्दै परिमार्जन गरिएका पनि छन्।

भूमि आदिवासी जनजातिको पहिचानसँग एकदमै निकटरूपमा जोडिएको हुन्छ। भू-स्वामित्वले रेडप्लसमा ठूलो अर्थ राख्दछ। सुरक्षित भूस्वामित्वको अभावमा आफ्नो थातथलोबाट वाध्यात्मक विस्थापन र आवासविहीनता भोग्नुपर्ने मात्रै होइन रेडप्लसका लाभहरू पाउने कुरामा समेत असर गर्दछ। नेपालमा अन्तर्राष्ट्रिय कानूनहरूले प्रत्याभूत गरेअनुरूपको आदिवासी जनजातिको भूमि अधिकारको अवस्था एकदमै कमजोर छ।

भूमि ऐन, २०२१, ले आदवासी जनजातिको परम्परागत भू-स्वामित्व र सामूहिक भूमि अधिकारको अन्त्य गऱ्यो। मालपोत ऐन, २०३४ ले परम्परागतरूपमा भोगचलन गरिआएको जग्गामा पराम्परागत अधिकारको अन्त्य गऱ्यो। यी कानूनहरूको आधारमा सरकारलाई मालपोत कर तिर्नेगरी आफ्नो नाममा जग्गा दर्ता गरे मात्रै उक्त जग्गाको हकवाला हुने कायम भयो। हाल रेडप्लस कार्यान्वयन भइरहेका जिल्लाका कैयौं आदिवासी जनजातिहरू जो परम्परागत रूपमा हालका स्थानहरूमा बसोबास र भोगचलन गर्दै आएका छन् उनीहरूसँग ती सरकारी दर्ता कागजात छैन। उतिबेला चेतना र शिक्षाको अभाव वा आफ्नो परम्परागत व्यवस्थाप्रतिको विश्वासका आदिका कारणले आफ्ना परम्परागत भूमि सरकारी निकायमा दर्ता नगरेकाहरू रेडप्लस परियोजना कार्यान्वयन भएसँगै आफ्नै घरआँगनमा सुकुम्बासी हुने र आफ्नै थातथलोमा शरणार्थी हुने खतरा बढेको छ।

वन तथा वातावरण र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा आदिवासी जनजातिका परम्परागत ज्ञान, सीप, प्रथा र जीवनपद्धतिको अहं भूमिका हुन्छ। विश्वव्यापी अनुभव हेर्ने हो भने हाल विश्वको ८० प्रतिशत बाँकी रहेको जैविक विविधता आदिवासी जनजातिको क्षेत्रका पाइन्छ।[३३] तर नेपालका वन तथा वातावरण र जैविक विविधतासम्बन्धी कानूनहरूमा यी प्राकृतिक स्रोतसाधनहरूको संरक्षण तथा व्यवस्थापनमा आदिवासी जनजातिको भूमिका र योगदानलाई उचित मान्यता दिइएको छैन। नेपालमा जैविक विविधतासम्बन्धी मुख्य कानूनहरूमध्ये राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ पर्छ, जुन आफैमा प्रतिबन्धात्मक प्रकृतिको छ। नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रम क्षेत्रमा मात्रै चितवन, पर्सा, बाँके, बर्दिया र शुक्लाफाँटा गरी पाँच राष्ट्रिय निकुञ्ज छन्। नियन्त्रित पहुँचको कारण निकुञ्ज आसपास बसोबास गर्ने आदिवासी जनजातिहरूको आर्थिक जीविकोपार्जन, सांस्कृतिक निरन्तरता र समग्र जीवन पद्धतिमा नै प्रभाव परेको छ। राज्यस्तरबाट उनीहरूमाथि दुर्व्यवहार, धरपकड र हत्या[३४] सम्म भएका घटनाहरू समयसमयमा बाहिर आएका छन्। भोलिका दिनमा रेडप्लस कार्यक्रम अन्तर्गतका कार्बन सञ्चित वनले पनि कुनै न कुनै तवरले संरक्षित वन (जस्तै राष्ट्रिय निकुञ्ज) कै जस्तो हैसियत धारणा गर्ने हो कि भन्ने आशंका आदिवासी जनजातिमा छ। यदि त्यस्तो हुन गएमा त्यसको सबैभन्दा धैरै नकारात्मक प्रभाव आदिवासी जनजातिमा पर्ने निश्चित छ।

---

३३. विश्व बैंक https://www.worldbank.org/en/topic/indigenouspeoples#:~:text=While%20Indigenous%20Peoples%20own%2C%20occupy,reduce%20climate%20and%20disaster%20risks. (accessed on June 16, 2022).

३४. https://nefinclimatechange.org/wp-content/uploads/2021/01/Documentation-of-the-Case-of-Violation-of-rights-of-the-Chepang-Ips-by-Chitwan-NP-authorities-during-the-COVID-19-PANDEMIC.pdf (accessed on June 21, 2022)



तस्बिर : टुङ्ग भद्र राई

| नीति/रणनीति | प्रावधानहरू |
|---|---|
| जलवायु परिवर्तन नीति, २०६७ | जलवायु परिवर्तनबाट प्रभावित जनता, समुदाय एवं जोखिम क्षेत्रहरूको पहिचान गरी स्थानीय ज्ञान, सीप तथा प्रविधि अनुरूप अनुकूलन तथा प्रतिकूल प्रभावको न्यूनीकरणका उपायहरूको अवलम्बन गर्ने, गराउने । जलवायु अनुकूलन तथा न्यूनीकरण सम्बन्धी परम्परागत तथा स्थानीय ज्ञान, सीप, अभ्यास तथा प्रविधि सम्बन्धी सामग्री सङ्कलन, प्रकाशन, प्रसार तथा उपयोग गर्ने, गराउने । |
| वन क्षेत्र रणनीति, २०७२, वन नीति २०७१ | वन क्षेत्रसँग सम्बन्धित संस्थाहरूमा महिला, आदिवासी जनजाति लगायतको सहभागिता, क्षमता र नेतृत्व अभिबृद्धि गर्ने । समुदायमा आधारित वन व्यवस्थापनमा परम्परागत र प्रथाजनित उपयोग अभ्यासहरू सबलीकरण गर्ने । समुदायमा आधारित वन व्यवस्थापनको नेतृत्व र निर्णय तहमा आर्थिकरूपले विपन्न र सीमान्तीकृत समुदायको समानुपातिक समावेशिता र प्रतिनिधित्व सुनिश्चित गरिने । सामुदायिक वन उपभोक्ता समूह भित्रै पनि आदिवासी जनजाति लगायतका समूहहरूको छुट्टै उपसमूह बनाइने । जैविक विविधता र स्रोत तथा जलाधारको दिगो व्यवस्थापन र उपयोगमा आदिवासी जनजाति र स्थानीय समुदायको पहुँच बृद्धि गर्ने । |
| रेडप्लस रणनीति २०१६ (ई) | आदिवासी जनजाति लगायतको वन स्वामित्व सुरक्षाको सम्मान र सम्बोधन गर्ने । वन व्यवस्थापन योजनाहरूमा परम्परागत र प्रथाजनित ज्ञान र अभ्यासहरूलाई मान्यता दिने र समायोजन गर्ने । वनसँग सम्बन्धित निर्णय प्रक्रियाहरूमा आदिवासी जनजातिको पर्याप्त प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने । सांस्कृतिक रूपमा उपयुक्त गुनासो सनुवाई संयन्त्रको विकास तथा कार्यान्वयन गर्ने । आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लिने र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूप विद्यमान नीति र कानूनी व्यवस्थाहरू सुधार गर्ने । सुरक्षा मापदण्ड सूचना प्रणालीको स्थापना गरिने । |
| भू-उपयोग नीति २०७२ | भूमिको वर्गीकरण गर्दा सांस्कृतिक, पुरातात्विक, धार्मिक तथा आध्यात्मिक क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूको संरक्षण गर्ने । |

नेपालको वन ऐन, २०४९ नेपालको वनसम्बन्धी मुख्य कानून हो। यस ऐनले निजी र राष्ट्रिय गरी दुई वृहत् वर्गमा वन विभाजित गरेको छ। राष्ट्रिय वनअन्तर्गत सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, सरकारद्वारा व्यवस्थापन गरिएको वन, संरक्षित वन र संरक्षित क्षेत्रभित्र पर्ने वन गरी ७ उपसमूहरू छन् ।[३५] यसमा आदिवासी जनजातिको अधिकारबारे कुनै व्यवस्था छैन। कानुनतः नेपालका सबै वनको स्वामित्व राज्यमा स्थापित छ। समुदायलाई केलव उपयोगको अधिकार प्राप्त छ। वनमा संञ्चित कार्वनको स्वामित्व राज्यमा निहित छ। वन व्यवस्थापन प्रणालीहरूमा गैरआदिवासीहरूको दबदबा रहने गरेको छ। वन व्यवस्थापनमा आदिवासी जनजाति, आदिवासी महिलाको सहभागिता खासै अर्थपूर्ण छैन। अझ भन्नुपर्दा, नेपालमा वन ऐन, २०४९ र यसपछि बनेको वन नियमावली, २०५१ कै माध्यमबाट परम्परागत रूपमा आदिवासी जनजातिले अभ्यास गर्दै आएका भूमिसम्बन्धी प्रथाजनित कानून र सामूहिक अधिकार समाप्त पार्ने काम भएको छ।

## ७. रेडप्लस, जलवायु परिवर्तन र प्राकृतिक स्रोतसाधनहरू सम्बन्धी विभिन्न नीति र रणनीतिहरूमा आदिवासी जनजातिका अधिकारसम्बन्धी प्रावधानहरू

नेपालले अवलम्बन गरेका जलवायु परिवर्तन, रेडप्लस र प्राकृतिक स्रोतसाधनहरूसम्बन्धी विभिन्न नीति र रणनीतिहरूमा आदिवासी जनजातिका अधिकारसम्बन्धी विशेष प्रावधानहरू र उपयुक्त शब्दावलीको अभाव भएतापनि केही सकारात्मक कुराहरू समावेश गरेको पाइन्छ।

३५. वन ऐन, २०४९

## ८. निष्कर्ष र सुझावहरू

आदिवासी जनजातिको जीवनपद्धति कार्बन-तटस्थ छ। विश्वले सामना गरिरहेको जलवायु परिवर्तनको संकट निम्त्याउनुमा आदिवासी जनजाति जिम्मेवार छैनन्। तथापि, यस संकटको सबभन्दा बढी जोखिममा आदिवासी जनजाति नै रहेका छन्। जलवायु परिवर्तनले आदिवासी जनजातिलाई बहुआयामिक (सांस्कृतिक, आर्थिक, सामाजिक, वातावरणीय आदि) र दोहोरो तेहेरो रूपमा (आदिवासी जनजाति भएको, आर्थिकरूपमा विपन्न भएको, राज्य संयन्त्रमा पहुँच नभएको आदि कारणहरूले) नकारात्मक असर पारेको छ। साथै जलवायु परितर्वन न्यूनीकरण गर्ने रेडप्लस जस्ता कार्यक्रममले पनि आदिवासी जनजातिका अधिकारलाई त्यत्तिकै जोखिममा पारेको छ।

नेपालको हालसम्मको करिब डेढ दशकको रेडप्लस यात्रालाई नियाल्दा रेडप्लसमा नेपालका आदिवासी जनजातिका अधिकारको अवस्था कमजोर छ। विश्व बैंकको वन कार्बन साझेदारी सहयोग (एफसीपीएफ) को सहयोगमा सन् २००९ तिरदेखि रेडप्लस तयारी थालेको नेपालले सन् २०२१ को फेब्रुवरीमा विश्व बैंकसँग कार्बन उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौता (ईआरपीए) गरेसँगै मुलुक रेडप्लस कार्यान्वयनको चरणमा प्रवेश गरेको छ। नेपालले तराईका १३ जिल्लामा परीक्षण परियोजनाको रूपमा यस कार्यक्रम सञ्चालन हुँदैछ। परियोजनास्तरमा, विशेषगरी परियोजनाको वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारूप (ईएसएमएफ) दस्तावेजमा, आदिवासी जनजातिका अधिकारसम्बन्धी सुरक्षा मापदण्डहरू व्यवस्था गरिएको भए पनि व्यवहारतः आदिवासी


तस्बिर : टुङ्ग भद्र राई

जनजातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनसँग जोडिएका परियोजनाका सम्भावित प्रतिकूल प्रभावहरू यथावत छन् ।

यसो हुनुमा मूख्यतः नेपालको कानुनी र नीतिगत तहमा आदिवासी जनजातिको पृथक अवस्थाको उचित सम्बोधन हुन नसक्नु हो । जल, जमिन र जंगलसँग आदिवासी जनजाति अटुट सम्बन्ध हुन्छ । यी प्राकृतिक स्रोतसाधनहरू आदिवासी जनजातिका आर्थिक उपार्जनका माध्यम मात्रै हाइन, उनीहरूको सांस्कृतिक जीवनको निरन्तरताका आधार पनि हुन् । युगौंदेखि आदिवासी जनजातिले आफ्ना परम्परागत ज्ञान, सीप तथा प्रथाजति संस्थाहरूको माध्यमबाट प्राकृतिक स्रोतसाधनहरूको दिगो संरक्षण, व्यवस्थापन र उपयोग गर्दैआएका छन् । यी तथ्यहरू र नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका आदिवासी जनजातिका अधिकारसम्बन्धी प्रतिवद्धताहरू मुलुकका राष्ट्रिय कानून र नीति नियमहरूमा पूर्णरूपमा प्रतिविम्बित हुन सकेका छैनन् । कतिपय मौजूदा राष्ट्रिय कानूनहरूबीच पनि तादत्म्यताको कमी पाइन्छ ।

नेपालको रेडप्लससम्बन्धी नीति तथा कार्यक्रमलाई निर्धारण गर्ने मुख्य दस्तावेज राष्ट्रिय रेडप्लस रणनीति, २०१६, आदिवासी जनजातिका अधिकारको दृष्टिकोणले केही अग्रगामी भएपनि अन्तरसम्बन्धित क्षेत्रगत ऐनहरू, विशेषगरी वन ऐन, आदिवासी जनजातिको अधिकार र सरोकारप्रति उदासीन हुँदा नेपालको समग्र रेडप्लस कार्यक्रममा आदिवासी जनजातिका मुद्दाहरू ओझेलमा पर्ने स्थिति बनेको छ। अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यूएनड्रीप) जस्ता आदिवासी जनजातिका अधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय कानूनी उपकरणहरू नेपालले करिब डेढ दशक अघि नै अनुमोदन गरिसकेको भएपनि सम्बन्धित राष्ट्रिय कानूनहरूलाई सोअनुरूप सामाञ्जस्यीकरण गरेको पाइँदैन ।

नेपालले प्राकृतिक स्रोतसाधनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू मात्रै करिब ३० वटा अनुमोदन गरिसकेको छ । तर पनि नेपालको कार्यान्वयन पक्ष सधैं फितलो रहँदैआएको छ । आदिवासी जनजातिको अधिकारको सन्दर्भमा यो अवस्था झनै नाजुक छ । नेपालको सन्धि ऐन, २०४७ ले प्रष्ट भनेको छः "नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित काननु अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागू हनेछ" (दफा ९) । त्यसैले आईएलओ १६९, यूएनड्रीप र आदिवासी जनजातिका अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय उपकरणहरूको असल नियतका साथ परिपालना गर्नु नेपालको दायित्व हो ।

नेपालको रेडप्लस कार्यक्रममा आदिवासी जनजातिका स्वनिर्णयको अधिकार, पूर्ण र प्रभावकारी सहभागिताको अधिकार, सांस्कृतिक निरन्तरताको अधिकार, खाद्य सुरक्षा र सम्प्रभुताको अधिकार, समन्यायिक लाभ वितरणको अधिकार, सूचनाको अधिकार, प्राकृतिक स्रोतसाधनहरूप्रतिको अधिकारको सम्मान र सुनिश्चित गरिनु जरूरी छ । त्यसको लागि निम्न कार्यहरू आवश्यक छ ः

१) नेपालका आदिवासी जनजातिका रेडप्लससम्बन्धी र प्राकृतिक स्रोतसाधनहरूप्रतिको अधिकार दीर्घकालीन रूपमा सम्बोधन गर्न विद्यमान सम्बन्धित ऐन तथा नीति नियमहरू सम्बन्धित अन्तर्राष्ट्रिय कानून र मानवअधिकारका विश्वव्यापी मापदण्डहरू अनुरूप परिमार्जन गरिनु पर्दछ । प्रथाजनित अधिकारलाई नेपालको राष्ट्रिय कानूनले मान्यता दिन आवश्यक छ । संरक्षणवादी आन्दोलनको उपजको रूपमा तारवारयुक्त संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्जहरूको अवधारणा आयो । जसको कारण आदिवासी जनजातिले भौतिक विस्थापन, सीमान्तीकरण, बञ्चितीकरण आदि भोग्नुपऱ्यो । भोलिको दिनमा रेडप्लस कार्यक्रमले आदिवासी आदिवासीलाई त्यस्तै प्रतिबन्धात्मक अवस्थातर्फ नधकेलोस् भन्नेबारे सरोकारवाला सजग हुनु जरूरी छ । रेडप्लसले आदिवासी जनजातिको वनप्रतिको पहुँच, उपभोग र स्वामित्व अधिकारसम्बन्धी नीतिगत सुधारका अवसरहरू ल्याउनुपर्छ । वनसँगको आदिवासी जनजातिको आर्थिक, साँस्कृतिक, आध्यात्मिक सम्बन्धको सम्मान हुनुपर्छ ।

२) केन्द्रीयदेखि स्थानीय तहसम्म नै आदिवासी जनजातिको सहभागितालाई संस्थागत गरिनुपर्छ । त्यसको लागि रेडप्लस परियोजना चक्रको सबै चरणमा (योजना, कार्यान्वयन र अनुगमन) र सबै तहमा (स्थानीय, प्रादेशिक र संघीय) आदवासी जनजातिको समावेशी, संस्थागत र सामूहिक प्रतिनिधित्व सुनिश्चित गरिनु जरूरी छ । आदिवासी जनजातिलाई एक सरोकारवाला मात्रै होइन कि रेडप्लस कार्यक्रमको अभिन्न अधिकारवालाको रूपमा मान्यता दिइनुपर्छ । त्यस्तै आदिवासी जनजाति समुदायमा आधारित वन अनुगनम प्रणालीलाई पनि अपनाइनुपर्छ । स्थानीय स्तरमा समुदायमा आधारित सांस्कृतिक रूपले समुचित, स्वतन्त्र र पहुँचयोग्य गुनासो सुनुवाई संयन्त्रको निर्माण तथा कार्यान्वयन गरिनुपर्छ ।

३) रेडप्लस कार्यक्रम सञ्चालन गर्दा आदिवासी जनजातिमा प्रतिकूल असर पुग्ने अवस्थाहरूमा (जस्तै वाध्यात्मक स्थानान्तरणको अवस्था) अनिवार्य रूपमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लागि गरिनुपर्छ । सामान्य परामर्श होइन, आदिवासी जनजातिको प्रत्यक्ष सहभागितामा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपीक)

संयन्त्र निर्माण गरिनुपर्छ। त्यस्तो मञ्जुरी लिँदा आदिवासी जनजातिका प्रतिनिधिमूलक संस्थालाई संलग्न गराइनुपर्छ।

४) आदिवासी जनजातिमा निहित परम्परागत दिगो वन व्यवस्थापन र जलवायू परिवर्तन न्यूनीकरणसम्बन्धी परम्परागत ज्ञान, अनुभव, अभ्यास र आदिवासी जनजातिको विज्ञानको खोजीनीति र अभिलेखन गरी त्यस्ता ज्ञान, विज्ञान र अभ्यासलाई मान्यता दिनु र प्रबर्द्धन गर्नु जरूरी छ। त्यस्ता ज्ञान, विज्ञान र अभ्यासलाई सम्बन्धित राष्ट्रिय नीति तथा कार्यक्रमहरूमा समायोजन गर्नु आवश्यक छ। त्यस्तै, उनीहरूको खाद्य सुरक्षा र संप्रभुत्तालाई रेडप्लस कार्यक्रमले सम्मान गर्नुपर्छ। आदिवासी जनजातिको प्रकृतिमैत्री जीवन पद्धतिलाई वन विनास र वन क्षयीकरणको रूपमा अर्थ्याउन हुँदैन।

५) रेडप्लसबाट प्राप्त लाभहरूको न्यायोचित वितरणको सुनिश्चित गरिनुपर्छ। वन पैदावारको गैरकार्बन महत्व र गैरकार्बन लाभहरूलाई पनि रेडप्लस कार्यक्रममा महत्वको साथ हेरिनुपर्छ।

६) अझैपनि अधिकांश आदिवासी जनजातिहरूबीच रेडप्लसबारे सचेतनाको अभाव छ। त्यसतर्फ कार्य गर्न आवश्यक छ। सरकारले रेडप्लससम्बन्धी सामयिक सूचना स्थानीय आदिवासी समुदायलाई नदिँदा समस्या बढेको छ। रेडप्लस कार्यक्रममा आदिवासी जनजातिहरूको अर्थपूर्ण सहभागिताको लागि, परियोजनाको स्थानीय स्वामित्व र दिगोपनको लागि आदिवासी जनजाति प्रतिनिधिहरूको नेतृत्व क्षमता विकासमा जोड दिइनुपर्छ।

परियोजना कार्यान्वयनमा संलग्न सरकारी निकायलाई पनि आवश्यकता अनुसार आदिवासी जनजाति-संवेदनशील तालिम प्रदान गर्दा अझ राम्रो हुन्छ। रेडप्लस कार्यक्रम सञ्चालन गर्दा आदिवासी जनजातिका प्रतिनिधिमूलक संघ-संस्थाहरूसँग प्रभावकारी सञ्चार, समन्वय र सहकार्य गर्न नितान्त जरूरी छ।

## ९. सन्दर्भ सामाग्रीहरू


AIPP and IGWIA (2010). REDD+ and Indigenous Peoples: A Briefing Paper for Policy Makers. Thailand, Chiang Mai.

GoN. Climate Change Policy. 2019

GoN. Forest Act, 1993

GoN. Forestry Sectory Strategy 2016-25

GoN. Land Use Act, 1964

GoN. Nepal Treaty Act, 1990

GoN. National Parks and Wildlife Conservation Act, 1973 GoN. Forest Act, 1993

GoN (2019). Environmental and Social Management Framework for the Proposed Emission Reduction Program Interventions in the Terai Arc Landscape. Kathmandu. https://www.forestcarbonpartnership.org/system/files/documents/NEPAL%20ER%20Program%20ESMF%20October%202019%20for%20FCPF%20website.pdf

GoN (2018). Emission Reduction Program Document. https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20ERPD%2024May2018final_CLEAN_0.pdf

GoN (2015). Nepal REDD+ Strategy. Kathmandu

Hvalkof, Søren (2013). ed. Stine Krøijer. Imperatives for REDD+ Sustainability: Non-Carbon Benefits, local and indigenous peoples. IBIS, CARE, IWGIA and Forests of the World.

IIPFCC and CIEL. Indigenous Peoples and Traditional Knowledge in the Context of the UN Framework Convention on Climate Change.

https://www.ciel.org/wp-content/uploads/2018/12/Indigenous-Peoples-and-Traditional-Knowledge-in-the-Context-of-the-UNFCCC.pdf

ILO. Indigenous and Tribal Peoples Convention, 1989 (No. 169). https://www.un.org/en/genocideprevention/documents/atrocity-crimes/Doc.16_Indigenous%20and%20Tribal%20Peoples%20Convention.pdf

NEFIN. Issues, Rights and Position of Indigenous Peoples of Nepal in Climate Action. Kathmandu

____https://nefinclimatechange.org/wp-content/uploads/2021/01/Documentation-of-the-Case-of-Violation-of-rights-of-the-Chepang-Ips-by-Chitwan-NP-authorities-during-the-COVID-19-PANDEMIC.pdf

____https://nefinclimatechange.org/wp-content/uploads/2021/03/brifing-paper-24-page_Final-1-1.pdf

Rai, Jailab Kumar (2020). Indigenous Peoples in Nepal's Forestry Sector Public Discourse. Tribhuvan University Journal. Kathmandu

Sherpa, Pasang Dolma et.al. Land, Forest and Indigneous Peoples' Rights in Relation to Climate Change and REDD: Policy and Program Analysis. Nepal Federation of Indigneous Nationalities. Kathmandu.

Tebtebba Foundation (2019). An Indigenous Peoples' Guide to REDD+ Results-Based Payments: Opportunities and Challenges. Philippines, Baguio City.

The Constiution of Nepal, 2015.

The International Indigenous Peoples Forum on Climate Change and The Center for International Environmental Law. Indigenous Peoples and Traditional Knowledge in the Context of the UN Framework Convention on Climate Change.

https://www.ciel.org/wp-content/uploads/2018/12/Indigenous-Peoples-and-Traditional-Knowledge-in-the-Context-of-the-UNFCCC.pdf

The World Bank. https://www.worldbank.org/en/topic/indigenouspeoples#:~:text=While%20Indigenous%20Peoples%20own%2C%20occupy,reduce%20climate%20and%20disaster%20risks. (accessed on June 16, 2022)

The World Bank (2018). Environmental & Social Framework for IPF Operations: ESS7: Indigenous Peoples/ Sub-Saharan African Historically Underserved Traditional Local Communities.

https://documents1.worldbank.org/curated/en/972151530217132480/ESF-Guidance-Note-7-Indigenous-Peoples-English.pdf

UN. United Nations Declaration on the Rights of Indigenous Peoples. https://www.un.org/development/desa/indigenouspeoples/wp-content/uploads/sites/19/2018/11/UNDRIP_E_web.pdf

UNFCCC. Paris Agreement: http://unfccc.int/files/home/application/pdf/paris_agreement.pdf
Decision adopting the Paris Agreement: http://unfccc.int/files/home/application/pdf/decision1cp21.pdf

Nepal Federation of Indigenous Nationalities (NEFIN)
Climate Change Partnership Program

Maharajgunj, Kathmandu, Nepal, Phone : 977-1-4415376
E-mail: **info@nefinclimatechange.org**
Website: **www.nefinclimatechange.org**

Support

Partner

2022